# स्थानीय विकास निर्माणमा श्रमिक परिचालन सम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावनाः**

नेपालको संविधान २०७२ को धारा ३३ मा रोजगारीको हकलाई मौलिक हक को रुपमा उल्लेख गरिएको छ। संविधानको धारा ३३ (१) मा प्रत्येक नागरीकलाई रोजगारीको हक हुनेछ भन्ने उल्लेख भएको छ भने सोही धाराको (२) मा प्रत्येक नागरीकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ भन्ने कुरा उल्लेख भएको छ।

सरकारले संविधानमा व्यवस्था भए अनुसार नागरीकको रोजगारीको हक सुनिश्चिततताका लागि *रोजगारीको हक सम्वन्धि ऐन २०७५* स्विकृत गरिसकेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय स्तरमा बेरोजगारहरुको तथ्यांक संकलन तथा व्यवस्थापन गर्ने अधिकार स्थानीय तहलाई दिएको छ भने स्थानीय विकास निर्माण तथा सेवा प्रवाहमा आफ्नो क्षेत्र भित्रका उपभोक्ता, निजी क्षेत्र आदिलाई परिचालन गर्न सक्ने अधिकार समेत स्तानीय तहमा रहेको छ । सरकारले नागरीकको रोजगारीको हक सुनिश्चिततताका लागि कायान्वयनमा ल्याएको*प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५मा* समेत स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्यांक संकलन गर्ने, स्थानीय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमुलक आयोजना तर्जुमा गरि कार्यान्वयन गर्ने कार्य स्थानीयले गर्नुपर्ने उल्लेख गरिएको छ।

नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को अधिनमा रही पाँचपोखरी थाङपाल गाउँपालिकाको सार्वजनिक निर्माणमा स्थानीय

श्रमिक व्यवस्थित रुपमापरिचालन गरि नेपाली जनशक्तिरोजगारीका लागि विदेश पलायन हुनबाट रोक्न एवं योजनाहरुको प्रभावकारीता बढाउन वान्छनीयभएकोले **मिति २०७६।०४।२६ मा बसेको** गाउँकार्यपालिकाको बैठकले **स्थानीय विकास निर्माणमा श्रमिक परिचालन सम्वन्धि कार्यविधि २०७६** पारित गरी जारी गरिएकोछ ।

## परिच्छेद १

## संक्षिप्त नाम, प्रारमभ र परिभाषा

### १. संक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम ***स्थानीय विकास निर्माणमा श्रमिक परिचालन सम्वन्धि कार्यविधि २०७६*** रहने छ ।

ख) यो कार्यविधि गाउँकार्यपालिकाले स्विकृत गरेको मिति बाट प्रारम्भ हुने छ ।

### २. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **ऐन** भन्नाले रोजगारीको हक सम्वन्धी ऐन २०७५ सम्झनु पर्दछ ।

ख) **अध्यक्ष** भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

ग) **कार्यविधि** भन्नाले **स्थानीय विकास निर्माणमा श्रमिक परिचालन सम्वन्धि कार्यविधि २०७६** सम्झनु पर्दछ ।

घ) **श्रमिक** भन्नाले योजना कार्यान्वयनका लागि सुचिकृत भएका श्रमिकलाई बुझाउदछ । श्रकीकहरुलाई कामदार पनि भनेर सम्झन सकिन्छ ।

ङ) **निर्माण समुह** भन्नाले आयोजना कार्यान्वयन गर्नका लागि छनोट भएका कामदारहरुको भेलाबाट गठन गरिएको आयोजना निर्माण समुहलाई सम्झनु पर्दछ ।

च) **उपभोक्ता समिति** भन्नालेपाँचपोखरी थाङपाल गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५ अनुसार आयोजना कार्यान्वयनका लागि गठन गरिएको उपभोक्ता समिति भन्ने सम्झनु पर्दछ ।

छ) **वडा समिति**भन्नाले नेपालको संविधान २०७२ अनुसार गाउँपालिकाको वडामा निर्वाचितसमितिलाई सम्झनु पर्दछ ।

ज) **संयोजक/उप संयोजक** भन्नाले आयोजना कार्यान्वयनका लागि सुचिकृत भएका श्रमिकहरु र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत बेरोजगार सुचिमा सुचिकृत ब्यक्ति समेतको भेलाबाट आयोजना कार्यान्वयन गर्न छनोट गरिएको आयोजना निर्माण समुहको संयोजक र उप संयोजकलाई सम्झनु पर्दछ ।

झ) **वडा अध्यक्ष** भन्नाले वडा समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## आयोजनाको छनौट तथा वर्गिकरण

### ३. आयोजनाको छनौट तथा वर्गिकरण:

गाउँपालिका अन्तरगत सञ्चालन हुने आयोजनाहरु छनौट गर्दा वडा स्तरबाट छनोट भएका तथा वडाले शिफारीस गरेका योजनाहरु र गाउँसभाले वार्षिक नियमित गाउँसभाबाट अनुमोदन गरेका योजनाहरु नै यस कार्यविधि अनुसार छनोट हुनेछन् । यसको अलावा

संघिय तथा प्रदेश सरकारले छनौट गरि पठाएका योजनाहरु समेत यसै कार्यविधि अन्तरगत रही कार्यान्वयन गरिने छ ।

गाउँपालिकाको आफ्नो बार्षिक नीति तथा कार्यक्रममा समावेश भएका आयोजनाहरु, संघिय सरकार मार्फत सञ्चालन हुने आयोजनाहरु र प्रदेश सरकार अन्तरगत सञ्चालन हुने आयोजनाहरुलाई योजनाको लागत अनुमानको आधारमा **साना आयोजना, मझौला आयोजना तथा ठुला आयोजना** गरी तीन तहमा वर्गिकरण गरि कार्यान्वयन गरिने छ ।

**क) साना आयोजनाः**

साना आयोजना भन्नाले गाउँपालिका भित्र सञ्चालन हुने आयोजनाहरु मध्ये रु१० लाख भन्दा कम लागत अनुमान गरि स्विकृत भएका आयोजनाहरुलाई साना आयोजनाको रुपमा वर्गिकरण गरिएको छ ।

**ख) मझौला आयोजनाः**

मझौला आयोजना अन्तरगत गाउँपालिका भित्र सञ्चालन हुने आयोजनाहरु मध्ये रु. १० लाख भन्दा माथी ३० लाख सम्मको लागत अनुमान गरि स्विकृत आयोजनाहरुलाई मझौला आयोजनाको रुपमा वर्गिकरण गरिएकोछ ।

**ग) ठुला आयोजनाः**

ठुला आयोजना अन्तरगत गाउँपालिका भित्र सञ्चालन हुने ३० लाख भन्दा माथिको लागत अनुमान भई स्विकृत आयोजनाहरुलाई ठुला आयोजनाको रुपमा वर्गिकरण गरिएकोछ ।

## परिच्छेद ३
## कामदारको सूचीकरण

**४. कामदारको सूचीकरणः**

४.१ यस कार्यविधि अनुसार सञ्चालन हुने आयोजना कार्यान्वयनका लागि प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले २ महिना भित्रमा आवश्यक प्रक्रिया पुरागरी कामदारको सूचीकरण गर्नुपर्दछ । तर चालु आ.व मा एक पटक श्रमिक सुचिकरण भैसकेपछि आयोजना सञ्चालनका लागि थप कामदार आवश्यक परि वडा समितिले निर्णय गरि कामदार सुचिकरण गर्न अनुरोध गरेमा गाउँपालिकाले पुनः कामदार सुचिकरण गर्न सुचना निकाल्न सक्नेछ । कामदार सुचीकरणगर्दा निम्न अनुसार प्रक्रिया अपनाउनु पर्नेछ ।

**क) सूचना प्रकाशन गर्नुपर्नेः**

कामदारको सूचीकरणका लागि गाउँपालिकाले स्थानीय सञ्चार माध्यम तथा वडा स्थित सरकारी कार्यालयहरुमा कामदार सूचिकरणका लागि कम्तीमा १ महिना अवधि राखि सूचना प्रकाशन गर्नुपर्नेछ । कामदारको सुचीकरणका लागि सूचना प्रकाशन गर्दा प्रत्येक आर्थिक वर्षको श्रावण मसान्त भित्रमा सूचना प्रकाशन गरीसक्नु पर्दछ । तर माथि ४.१ मा उल्लेख भए अनुसार विशेष अवस्थामा भने पुनः सुचना निकाल्न सकिनेछ ।

**ख) सुचिकरणका लागि कामदारले निवेदन दिनुपर्नेः**

स्थानीय विकास निर्माणमा योगदान गर्न इच्छुक श्रमिक/कामदारहरुले गाउँपालिकाबाट सूचना प्रकाशन भएको मितिले १ महिना भित्रमा सम्वन्धित वडा कार्यालयमा **अनुसूची १**

**(क) मा** उल्लेख भए अनुसारको ढाँचामा कामदार सुचीकरणका लागिनिवेदन दिनुपर्नेछ । वडा कार्यालयले वडामा प्राप्त निवेदनहरु छानबिन गरि निवेदनमा उल्लेखित विवरण सबै भरिएका फारमहरु गाउँपालिकाले उपलब्ध गराएको **अनुसूची १ (ख)** अनुसारको **फारममा** संक्षिप्त विवरण तयार गरि निवेदन दिने अन्तिम मितिले ७ दिन भित्रमा गाउँपालिकाको कार्यालयमा शिफारीस साथ पेश गर्नुपर्दछ ।

तर गाउँपालिकामा *रोजगारीको हक सम्वन्धी नियमावली २०७५* अन्तरगत रोजगार सेवा केन्द्रमा सूचिकृत भइसकेकाबेरोजगार व्यक्तिहरुलाई समेत यसै कार्यविधि अनुसार स्वतः सुचिकृत भएको मानिनेछ । रोजगार सेवा केन्द्रमा सुचिकृत भैसकेका बेरोजगार व्यक्तिले कामदार सुचिकृतका लागि पुन निवेदन दिनुपर्ने छैन ।

**ग) कामदार सुचिकरणका लागि समिति गठन गर्नुपर्ने:**

यस कार्यविधि अनुसार कामदारको रुपमा सुचिकृतहुनकालागि निवेदनदिने कामदारहरुको निवेदन छानबिन गरि कामदारको अन्तिमसूची तयारगर्नगाउँपालिकामा निम्न अनुसारको समिति गठन गर्नुपर्नेछ।

- गाउँपालिकाको अध्यक्ष वा अध्यक्षले तोकेको कार्यपालिका सदस्य — संयोजक
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य
- प्राविधिक शाखाको प्रमुख वा प्रतिनिधि — सदस्य
- योजना शाखाको प्रमुख — सदस्य
- रोजगार सेवा केन्द्रको प्रमुख — सदस्य सचिव

**घ) निवेदन उपर छानबिन गर्नु पर्ने:**

कामदारको रुपमा सूचिकृत हुन वडा कार्यालयमा निवेदन दिएका कामदारहरुको विवरण वडा कार्यालयबाट शिफारीस भै गाउँपालिकामा प्राप्त भएको मितिले १५ दिन भित्रमा उपदफा (ग) अनुसार गठित समितिले छानबिन गरि कामदारको अन्तिम सूची तयार गर्नु पर्नेछ । समितिले तयार गरेको सुचीर रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुको विवरण समेत समावेश गरि अन्तिम सुचिकृत कामदारहरुको विवरण असोज मसान्त भित्रमारोजगार सेवा केन्द्र मार्फत वडा कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्दछ ।

## परिच्छेद ४
## आयोजनाको कार्यान्वयन तथा सम्झौता

**५. आयोजनाको कार्यान्वयन:**

दफा ३ अनुसार छनौट भई वर्गिकरण गरिएका आयोजनाहरुको कार्यान्वयन तल उल्लेख भए अनुसार गर्नु पर्दछ ।

**क) आयोजनाको प्राविधिक अध्ययन (डिजाइन तथा लागत स्टिमेट तयारी) :**

दफा ३ अनुसार छनौट भै स्विकृत भएका आयोजनाहरुको गाउँपालिका तथा वडा स्तरमा रहेका प्राविधिक कर्मचारीहरुले असोज महिना भित्रमा प्राविधिक अध्ययन (डिजाइन तथा लागत स्टीमेट) तयार गरि कार्यान्वयनका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरिसक्नु पर्नेछ । योजनाको प्राविधिक अध्ययन गर्दा प्राविधिक रुपमा मेशिन औजारको प्रयोग नगरी नहुने अवस्थामा बाहेक अन्य अवस्थामा आयोजना कार्यान्वयनमा

सूचिकृत कामदारको प्रयोग गर्ने गरि योजनामा आवश्यक कामदार तथा कार्यदिन समेत स्पष्ठ देखिने गरि लागतस्टिमेट तयार गर्नुपर्नेछ । तर मझौला तथा ठुला आयोजनाहरुको हकमा सम्भव भए सम्म गाउँपालिकामा सूचिकृत कामदार प्रयोग गर्ने गरि लागत स्टीमेट तयार गर्नु पर्नेछ । आयोजना कार्यान्वयनका लागि आवश्यक कामदार तथा कार्यदिन (दक्ष, अदक्ष तथा अर्ध दक्ष कामदार) को छुट्टै विवरण तयार गरि आयोजनाको लागत स्टीमेटमा समावेश गर्नुपर्नेछ ।

**ख) आयोजनाका लागि कामदारको छनौटः**

आयोजनाको प्राविधिक अध्ययन प्रतिवेदन (लागत स्टिमेट) को आधारमा योजना कार्यान्वयनका लागि आवस्यक कामदारको छनौट वडा स्तरमा नै गरिने छ । कामदार छनोट गर्दा सम्भव भए सम्म योजना स्थल आसपासका बेरोजगार सूचिमा सुचिकृत भएका र सम्वन्धित कामका लागि आवश्यक सीप भएका योग्यकामदारलाई पहिलो प्राथामिकता दिनु पर्नेछ । यस कार्यविधि अनुसार सूचीकृत भएका श्रमिक/कामदारलाई पनि योजना कार्यान्वयका लागि कामदारको रुपमा छनौट गर्न सकिनेछ । वडा स्तरमा कामदार छनौट गर्दा सबै बेरोजगार सूचीमा सूचिकृत कामदार तथा यसै कार्यविधि अनुसार सूचिकृत कामदारहरुलाई एकै पटक काम दिन नसकिने अवस्था भएमा कामदार छनोटका लागि वडा स्तरमा निम्न पदाधिकारी रहनेगरि कामदार छनोट उप समितिले उल्लेखित मापदण्डका आधारमा कामदारको छनौट गरि छनोट भएका कामदारको विवरण गाउँपालिकामा उपलब्ध गराउनु पर्नेछ । यसरी कामदार छनोट गर्दा एउटा आयोजनामा एक परिवारका एक

सदस्यले रोजगारी पाउनेगरि प्राथामीकता दिनु पर्नेछ । तर आयोजनामा कामदार अपुग भएको खण्डमा एक परिवारको एक भन्दा बढि कामदार छनोट गर्न बाधा पर्ने छैन । वडा स्तरमा रहने कामदार छनोट उप समितिका पदाधिकारीहरु निम्न अनुसार हुनेछन् ।

- आयोजना सञ्चालन हुने वडाको वडा अध्यक्ष, संयोजक
- आयोजना सञ्चालन हुने वडाका निर्वाचित सदस्यहरु, सदस्य
- आयोजना सञ्चालन हुने वडाको प्राविधिक कर्मचारी, सदस्य
- आयोजना सञ्चालन हुने वडा को वडा सचिव, सदस्य सचिव

कामदार छनोट उप समितिले आयोजनाको प्राविधिक प्रतिवेदन अनुसार आवश्यक कामदारको छनौट गर्दा निम्म मापदण्डको आधारमा गर्नु पर्नेछ ।

- बेरोजगार दर्ताको सूचीमा रहेका वा यसै कार्यविधि अनुसार सूचिकृत श्रमिक/कामदार मध्ये आर्थिक रुपमा विपन्न परिवारका सदस्यहरु,
- बेरोजगार दर्ताको सूचीमा रहेका वा यसै कार्यविधि अनुसार कामदारको सूचीमा सूचिकृत भएका दलित परिवारका सदस्यहरु,
- बेरोजगार दर्ताको सूचीमा रहेका वा यसै कार्यविधि अनुसार कामदारको सूचीमा सूचिकृत भएका एकल परिवारका सदस्यहरु,

- आयोजना कार्यान्वयनका लागि आवश्यक दक्ष कामदारको हकमा सम्वन्धित काममा तालिम प्राप्त तथा कार्य अनुभव भएका व्यक्तिहरु,
- आयोजना कार्यान्वयनका लागि आवश्यक दक्ष कामदार सुचिकृत कामदार मध्येबाट उपलब्ध हुन नसकेमा बडा स्तरमा कामदार छनोट उप समितिले सो को व्यहोरा गाउँपालिकामा जानकारी गराई आवश्यक कामदार गाउँपालिकामा सुचिकृत भएका अन्य वडाका कामदार पनि परिचालन गर्न सकिनेछ ।

तर माथि जे सुकै कुरा लेखिएको भएता पनि सम्वन्धित कामदार काम गर्न सक्छ सक्दैन भन्ने कुरामाकामदार छनोट उप समितिले कारण खुलाई आवश्यक निर्णय लिन सक्नेछ ।

**ग) निर्माण समुह गठन तथा संयोजक/उपसंयोजक चयनः**

आयोजना कार्यान्वयनका लागि आवश्यक कामदार छनौट भए पश्चात वडामा सुचिकृत कामदारहरु मध्येबाट वडा स्तरमा वडा अध्यक्ष वा निजले तोकेको सदस्यको रोहवरमा डाकिएको श्रमिक/कामदारहरुको भेलाबाट आयोजना सञ्चालनका लागि आयोजना निर्माण समुह गठन गरि निर्माण समुहको नामाकरण गर्नु पर्नेछ । यसरी आयोजना निर्माण समुह गठन गर्दा सम्भब भए सम्म आयोजना स्थल आसपासको कामदारलाई प्राथामिकता दिनेगरि गर्नु पर्दछ । भेलाले आयोजना निर्माण समुह गठन पश्चात एक जना संयोजक र एक जना उपसंयोजक चयन गर्नु पर्नेछ । निर्माण समुहको संयोजक तथा उपसंयोजक छनोटमा कुनै विवाद उत्पन्न

भएमा वडा समितिले छनोट भएका कामदार मध्येबाटउपयुक्त व्यक्तिलाई निर्माण समुहको संयोजक र उपसंयोजक तोक्न सक्नेछ। आयोजना कार्यान्वयन गर्दा कामदारकोदैनिक हाजिरी गर्ने, कामको गुणस्तर कायम गर्ने, प्राविधिकको सल्लाह अनुसार कामदार परिचालन गर्ने, योजनाको विल भर्पाइ तयार गरि गाउँपालिकामा पेश गर्ने, कामदारको खाता खोल्ने कामका लागि सहजिकरण गर्ने जिम्मा संयोजकको हुनेछ । यसरी निर्माण समुहको संयोजक भई थप काम गरेबापत प्रत्येक ७ दिनकाम गरे बापतसंयोजकलाई थप १ दिनको ज्याला उपलब्ध गराइनेछ। यसरी उपलब्ध गराउने थप ज्याला दक्ष कामदार सरहहुनेछ । आयोजना निर्माण समुहको संयोजक र उप संयोजकले आयोजनाको कामका लागि आयोजना स्थल बाहिर जानु पर्ने भएमा उक्त दिनको हाजिरी गणना हुनेछ। यसरी कामको शिलसिलामा बाहिर जानुपर्ने भएमा अग्रिम रुपमा वडा वडा अध्यक्ष वा निजले तोकेको वडा समितिको सदस्यलाई जानकारी गराउनु पर्नेछ।

कुनै आयोजना सञ्चालनका लागि छनोट भएका कामदारहरुले आयोजना सञ्चालन गर्ने क्रममा कुनै किसिमको श्रमिक युनीयन बनाउने तथा कामलाई बाधा पुग्नेगरी कुनै गतिविधि सञ्चालन भएमा तत्काल कामदारबाट हटाउन सकिनेछ । साथै आयोजना सञ्चालनमा बाधा आउने कुनै क्रियाकलाप सञ्चालन गरेमा त्यस्ता कामदारको भुक्तानी पाउन बाँकी ज्याला समेत कट्टा गर्न सकिने र निजलाई स्थानीय तहबाट दिइने सेवा समेत स्थगन गर्न वा रोक्का गर्न सकिनेछ।

**घ) श्रमिक/कामदार अभिमुखिकरणः**

कुनै पनि आयोजनाको काम सुरुगर्नु भन्दा पहिला आयोजना कार्यान्वयनका लागि छनौट भएका श्रमिक/कामदारहरुलाई आयोजना अन्तरगत गर्नुपर्ने कामको विवरण, कामदारको आचार संहिता, टोलीनेताको भुमीका, कामदारको भुक्तानी प्रक्रिया आदी विषयमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । यस किसिमको अभिमुखिकरणमा सम्वन्धित वडाको वडा अध्यक्ष, वडाका निर्वाचित प्रतिनीधि तथा प्राविधिक कर्मचारीको अनिवार्य सहभागिता हुनु पर्दछ ।

**ङ) कामदारलाई परिचयपत्र दिनुपर्नेः**

आयोजना कार्यान्वयनका लागि श्रमिक/कामदार परिचालन गर्नु पुर्व कामदारको नाम, सम्पर्क नम्वर, आयोजनाको नाम, कामदारको किसिम र आयोजना सञ्चालन हुने अवधि उल्लेख गरि गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराई कामदार परिचयपत्र वितरण गर्नुपर्नेछ । हरेक कामदारले कार्य स्थलमा अनिवार्य रुपमा परिचयपत्र साथमा राख्नु पर्दछ । कामदार परिचयपत्रको नमुना अनुसूची २ मा उल्लेख गरिए अनुसारको हुनेछ ।

**च) प्रतिवेदन दिनु पर्नेः**

आयोजना कार्यान्वयनका लागि जिम्मेवारी तोकिएको प्राविधिक कर्मचारीले दफा ५ (क) अनुसार आयोजनाको प्राविधिक अध्ययन पश्चात उक्त आयोजनाको अनुमानीत लागत, आयोजनामा कामको प्रकृति, आयोजनाका लागि आवश्यक निर्माण सामग्री तथा आयोजना सञ्चालनका लागि आवश्यक दक्ष, अर्ध दक्ष तथा अदक्ष

कामदारको विवरण आउनेगरी प्राविधिक अध्ययन प्रतिवेदन तयार गरि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ । आयोजनाको प्राविधिक अध्ययन प्रतिवेदन तयार गर्दा उक्त आयोजनामा प्राविधिक रुपमा मेशिन औजारको प्रयोग गर्नुपर्ने अवस्था रहेमा सो समेत प्रतिवेदनमा उल्लेख गर्नुपर्नेछ ।

**छ) निर्माण सामग्री खरिदः**

आयोजना कार्यान्वयनका लागि आवश्यक निर्माण सामग्री खरिद गर्दा प्राविधिक लागत अनुमानका आधारमा निम्न अनुसार खरिद गर्नुपर्नेछ ।

- यस कार्यविधि अनुसार सञ्चालन हुने ५ लाख भन्दा कम लागत अनुमान भएका आयोजना कार्यान्वयनका लागि आवश्यक निर्माण सामग्री खरिद गर्दा गाउँपालिकाले एक आर्थिक वर्षमा सञ्चालन हुने आयोजनाहरुका लागि आवश्यक निर्माण सामग्री उपलब्ध गराउन व्यवसायिक फर्म/पसल/आपुर्तिकर्ता आदि बाट गोप्य शिलबन्दी दरभाउपत्र माग गरि व्यवसायिक फर्म/पसल/आपुर्तिकर्ताको सूचिकरण गरिनेछ । गाउँपालिकाले व्यवसायिक फर्म/पसल/आपुर्तिकर्ताको सूचिकरण गर्दा सम्भव भए सम्म गाउँपालिका भित्रको वजारबाट र सम्भव नभएमा गाउँपालिकाको नजिकको वजारबाट सामग्री उपलब्ध गराउने गरी गर्नु पर्नेछ । आयोजना कार्यान्वयनका लागि आवश्यक निर्माण सामग्री स्विकृत प्राविधिक प्रतिवेदनको आधारमा आयोजना निर्माण समुहको संयोजक/उपसंयोजकले सुचिकृत व्यवसायिक फर्म/पसल/आपुर्तिकर्ताबाट खरिद गर्नुपर्नेछ ।

साथै गाउँपालिकाले आयोजनाका लागि प्रयोगहुने मेशिन औजारको लागि समेत गोप्य शिलबन्दी दरभाउपत्र माग गरि सुचिकृत गर्नु पर्दछ । कुनै आयोजनामा मेशिन औजार प्रयोग गर्नु पर्नेभएमा गाउँपालिकामा सुचिकृत भएका मध्ये कम मुल्यको दरभाउ पेश गरेका मेशिन औजारको प्रयोग गर्नुपर्नेछ ।

- रु. ५ लाख वा सो भन्दा माथिको लागत अनुमान भएका साना, मझौला तथा ठुला आयोजनाको हकमा प्रविधिक अध्ययन प्रतिवेदनका आधारमा उपभोक्ता समितिले सार्वजनीक खरिद प्रक्रिया अनुसार खरिद गर्न सक्नेछन । तर प्राविधिक अध्ययन प्रतिवेदन भन्दा फरक सामग्री खरिद गर्नुपरेमा अनिवार्य रुपमा गाउँपालिकाको स्विकृति लिनुपर्नेछ । उपभोक्ता समितिमार्फत सञ्चालन हुने आयोजनाको लागि आवश्यक निर्माण सामग्री खरिद गर्दा समेत उपभोक्ता समितिले गाउँपालिकामा सुचिकृत व्यवसायिक फर्म/पसल/आपुर्तिकर्ताले उपलब्ध गराएको मुल्य भन्दा बढी नहुनेगरि खरिद गर्नुपर्नेछ ।
- ठेक्का मार्फत सञ्चालन हुने आयोजनाहरुमा निर्माण सामग्री खरिद गर्दा सार्वजनीक खरिद प्रक्रिया अनुसार नै निर्माण व्यवसायी फर्मले खरिद गर्न सक्नेछ ।
- माथि जे सुकै कुरा लेखिएको भएता पनि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सञ्चालन हुने आयोजनाहरुको हकमा आवश्यक निर्माण सामग्री खरिद गर्दा कामका लागि पारिश्रमिकमा आधारीत सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७६, अनुसार नै खरिद गरि उपलब्ध गराउनु पर्नेछ ।

**६. आयोजनाको सम्झौताः**

यस कार्यविधिको दफा ३ अनुसार छनौट भई वर्गिकरण भएका योजनाहरुको सम्झौता देहाय अनुसार गरिनेछ ।

**क**) साना आयोजनाहरुको सम्झौता गर्दा ५लाख भन्दा कम लागत अनुमान गरिएकाआयोजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कार्यान्वयन गरिनेछ । यस्ता आयोजना कार्यान्वयन गर्न छनोट भएका कामदारहरुको भेलाबाट गठित निर्माण समुहमा छनोट भएका संयोजक, उपसंयोजक र गाउँपालिका बिच हुनेछ । आयोजनाको कार्यान्वयन गर्दा गुणस्तर कायम राख्ने प्रमुख दायित्व संयोजक र उपसंयोजकको हुनेछ । आयोजनाको प्राविधिक स्टीमेट अनुसारको गुणस्तर तथा परिमाण मापन गरि सो अनुसार भए नभएको एकिन गर्ने कानूनी दयित्व सम्वन्धित आयोजना हेर्न तोकिएको प्राविधिक कर्मचारीको हुनेछ ।
५ लाख भन्दा बढीको लागत अनुमान भएका आयोजनाहरुमा भने *पाँचपोखरी थाङपाल गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५* अनुसार उपभोक्ता समिति गठन गरि उपभोक्ता समितिसँग योजनाको सम्झौता गर्नु पर्दछ । तर आयोजनामा आवश्यक श्रमिक/कामदार सम्भव भएसम्म यसै कार्यविधि अनुसार सूचिकृत भएका कामदारहरुलाई परिचालन गर्नुपर्नेछ ।

**ख**) मझौला आयोजनाको सम्झौता पाँचपोखरी थाङपाल गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५ अनुसार नै उपभोक्ता समिति गठन गरि उपभोक्ता समिति मार्फत हुनेछ । तर

आयोजनामा कामदार परिचालन गर्दा सम्भव भए सम्म यसै कार्यविधि अनुसार सूचिकृत भएका कामदारहरुलाई परिचालन गर्नुपर्नेछ । यसरी आयोजनाको सम्झौता गर्दा सम्झौता पत्रमा सूचिकृत कामदार परिचालन गर्नुपर्ने व्यहोरा उल्लेख गर्नु पर्नेछ ।

**ग)** ठुला आयोजनाको सम्झौता गर्दा टेन्डर प्रक्रियाबाट नेपाल सरकारको सार्वजनीक खरिद प्रक्रिया अनुसार छनौट भएको निर्माण व्यवसायी/फर्म सँग गर्नुपर्दछ । तर आयोजनामा कामदार परिचालन गर्दा सम्भव भए सम्म सो पक्षले यसै कार्यविधि अनुसार सूचिकृत भएका कामदारहरुलाई परिचालन गर्नुपर्नेछ ।ठुला आयोजनाको सम्झौता गर्दा सम्झौता पत्रमानै सूचिकृत कामदार परिचालन गर्नुपर्ने व्यहोरा उल्लेख गर्नु पर्नेछ ।

## परिच्छेद ५
## आयोजनाको अनुगमन, मुल्यांकन तथा पारदर्शिता

### ७. आयोजनाको अनुगमन, मुल्यांकनः

यस कार्यबिधि अनुसार सञ्चालनहुने हरेक आयोजनाको अनुगमन तथा मुल्यांकन गर्ने जिम्मेवारी निम्न अनुसार व्यक्ति तथा निकायको हुनेछ ।

### ७.१ निर्माण समुहको संयोजक/उपसंयोजकबाट अनुगमनः

योजना कार्यान्वयनमा संलग्न आयोजना निर्माण समुहको संयोजक/उपसंयोजकले तोकिएको काम तथा कामदारको अनुगमन गर्नु पर्दछ । आयोजना कार्यान्वयन गर्ने क्रममा काममा परिचालन भएका श्रमिक/कामदारले निर्धारीत समयमा काम नगरेमा, योजना

अनुसारको काम सम्पन्न नभएमा, कामदारले पालना गर्नुपर्ने आचार संहिताको पालना नगरेमा तथा आयोजनामा कार्यरत अन्य कामदारलाई असहजहुने कुनैपनि किसिमको व्यवहार गरेमा त्यस्ता कामदारदालाई आवश्यक कार्वाहीगर्ने तथा कामदारबाट हटाउन शिफारीस गर्ने र कामको गुणस्तर कायम गर्ने कार्यमा निर्माण समुहको संयोजक/उपसंयोजकको महत्वपुर्ण भुमीका हुनेछ । संयोजक/उपसंयोजकलेकामको गुणस्तर कायम गर्नका लागि समय समयमा सम्वन्धित आयोजना हेर्ने प्राविधिकसँग समन्वय गर्नु पर्दछ ।

**७.२ वडाको प्राविधिक कर्मचारीबाट अनुगमनः**

आयोजना कार्यान्वयन्मा प्राविधिक रुपमा आवश्यक सहयोग गरि कामदार परिचालन गर्ने र आयोजनाको गुणस्तर सुनिश्चित गर्ने मुख्य भुमीका सम्वन्धित वडा कार्यलयको प्राविधिक कर्मचारी तथा त्यो आयोजना हेर्नका लागि गाउँपालिकाले तोकेको प्राविधिक कर्मचारीको हुनेछ । आयोजना कार्यान्वयनमा कामदार परिचालनमाकुनै समस्या उत्पन्न भएमा वडा स्तरमा नै वडाका जनप्रतिनिधिहरुसँग समन्वय गरि समस्या समाधानमा पहल गर्नु पर्नेछ । आयोजना कार्यान्वयमा उत्पन्न समस्या वडा स्तरमा समाधान नहुने भएमा उक्त समस्याको बारेमा गाउँपालिकामा लिखित जानकारी गराई समस्या समाधानमा पहल गर्नुपर्नेछ ।

**७.३ वडाको पदाधिकारीहरुबाट अनुगमनः**

वडा स्तरमा सञ्चालन भएका सम्पुर्ण आयोजनाहरुको अनुगमन गरि आयोजनाको गुणस्तर कायम गर्ने कार्यमा सम्वन्धित वडाका वडा अध्यक्ष वा अन्य सदस्यहरुकोमुख्य भुमीका रहनेछ । आयोजनाको अनुगमन गर्दा आयोजनामा कुनै कुरा सुधार गर्नुपर्ने अवस्था देखिएमा कामदार तथा आयोजना हेर्ने प्रविधिक कर्मचारीलाई आवस्यक सल्लाह सुझाब दिनुपर्दछ । वडा समितिका सदस्यहरुमध्ये कसैले आयोजनाको अनुगमन गर्दा काम सन्तोषजनक नपाइएमा वडा समितिमार्फत गाउँपालिकामा लिखित जानकारी गराउन पर्नेछ र सो सम्वन्धमा गाउँपालिकाले तत्काल अनुगमन गरि आवश्यक प्रक्रिया अघि बढाउन पर्नेछ ।

**७.४ गाउँपालिकाबाट अनुगमनः**

गाउँपालिकाभित्र सञ्चालन भएका हरेक आयोजनाको अन्तिम भुक्तानी गर्नु पुर्व गाउँपालिकाबाट स्थलगत अनुगमन गर्नुपर्नेछ । आयोजना कार्यान्वयन गर्दा आवश्यकता देखिएमा गाउँपालिकाबाट आयोजना सञ्चालनको क्रममा पनि आयोजना हेर्न जिम्मेवारी तोकिएको भन्दा फरक प्राविधिकबाट वा अनुगमन समितिबाट समेत अनुगमन गर्न सकिनेछ । आयोजना अनुगमन गर्नका लागि गाउँपालिकामा निम्न अनुसार पदाधिकारी रहेको अनुगमन समिति रहनेछ ।

- गाउँपालिकाको उपाध्यक्ष — संयोजक
- प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी १ जना — सदस्य
- प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्राविधिक कर्मचारी १ जना — सदस्य

- आयोजना सञ्चालन भएको वडाको वडा अध्यक्ष सदस्य
- गाउँपालिकाको पुर्वाधार हेर्ने कार्यपालिका सदस्य १ जना सदस्य
- योजना शाखाको प्रमुख सदस्य सचिव

आयोजनाको अनुगमन गर्दा आवश्यकता अनुसार रोजगार सेवा केन्द्रको प्रमुख, कार्यपालिका सदस्य तथा विषयगत शाखाको कर्मचारीको समेत सहभागिता गराउन सकिनेछ ।

**७.५ अनुगमन प्रतिवेदन दिनुपर्नेः**

कुनै पनि आयोजनाको सरोकारवालाहरुवाट अनुगमन पश्चात अनुगमनमा देखिएका पक्षहरुलाई समेटेर प्रतिवेदन दिनु अनुगमन गर्ने व्यक्ति तथा निकायको दायित्व अन्तरगत पर्दछ । वडा समितिका सदस्यले तथा वडाको प्राविधिक कर्मचारीले आयोजनाको अनुगमन पश्चात अनुगमनको प्रतिवेदन वडा अध्यक्षलाई बुझाउनु पर्नेछ । गाउँपालिकाबाट अनुगमन समितिले गरेको अनुगमन प्रतिवेदन प्रमुख प्रशाशकिय अधिकृत समक्ष पेश गर्नुपर्नेछ भने आवश्यकता अनुसार योजना शाखामा तथा रोजगार सेवा केन्द्रमा समेत उपलब्ध गराउनु पर्नेछ । कुनै पनि आयोजनाको अन्तिम भुक्तानीका लागि गाउँपालिका स्तरको अनुगमन समितिले आयोजना गरि अनुसूची ३ को ढाँचामा प्रतिवेदन पेश नगरे सम्म आयोजनाको अन्तिम भुक्तानी हुने छैन । तर अनुगमन समितिले कुनैपनि आयोजनाको अनुगमन पश्चात ३ दिन भित्रमा योजना शाखालाई अनुगमन प्रतिवेदन पेश गर्नु अनुगमन समितिको दायित्व रहने छ ।

**८. सूचना व्यवस्थापनतथा सार्वजनीक परिक्षणः**

यस कार्यविधि अनुसार सञ्चालन हुने हरेक आयोजनाको बारेमा सार्वजनीक रुपमा जानकारी गराउन आयोजना स्थलमा आयोजनाको काम सुरु गर्नुभन्दा पहिला आयोजनाको लागत अनुमान, लागत व्यहोरीने श्रोत, आयोजनाको मुख्य काम, आयोजनामा परिचालन हुने कामदार संख्या तथा कामदारको किसिम, आयोजनाको अवधि आदि देखिनेगरि सूचनापाटी राख्नु पर्नेछ । आयोजना सम्पन्न पश्चात आयोजनाको लागत तथा आयोजना अन्तरगत निर्माण भएका संरचनाहरुको बारेमा स्थानीय सरोकारवाला निकायहरुको सहभागितामा पाँचपोखरी थाङपाल गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५ मा उल्लेख गरिएको सार्वजनीक परीक्षण फारमको ढाँचा अनुसार सार्वजनिक परीक्षण गरी अनुमोदन गराउनुपर्नेछ ।

आयोजना सञ्चालन गर्दासरोकारवाला निकायसँग समन्वय गर्ने, त्यसको कार्यान्वयनका चरणमा गर्नुपर्ने कार्यहरु जस्तै होडिङ बोर्ड राख्ने, सार्वजनीक परिक्षण गर्ने गराउने, प्राविधिक एवंअनुगमनकर्ताले दिएका सल्लाह सुझाव अनुसार कार्य अघि बढाउने, भुक्तानीका लागि आवश्यक कागजपत्र मिलाउने जस्ता कार्यको प्रमुख दायित्य निर्माण समुहको संयोजक र उपसंयोजकको हुनेछ ।

## परिच्छेद ६
## आयोजनाको लागत साझेदारी, कामदारको भुक्तानी तथा ज्याला निर्धारण

**९. आयोजनामा लागत साझेदारीः**

गाउँपालिका भित्र सञ्चालनहुने आयोजनालाई अन्य निकायसँग लागत साझेदारीमा पनि सञ्चालन गर्न सकिनेछ । कुनै पनि आयोजना लागत साझेदारीमा सञ्चालन गर्ने हो भने आयोजनाको प्राविधिक अध्ययन प्रतिवेदन तयार गर्दा उक्त आयोजनामा कस्को कति लागत साझेदारी रहने हो सो समेत उल्लेख गर्नु पर्नेछ ।

**१०. भुक्तानी प्रकृयाः**

यस कार्यविधि अनुसार सञ्चालन हुने ५लाख भन्दा कम लागत अनुमान भएका आयोजनाहरुको भुक्तानी गर्दा गाउँपालिकाले सरोकारवालालाई सिधै भुक्तानी गर्नु पर्दछ । आयोजना सञ्चालनको क्रममा हुने विभिन्न खर्चको भुक्तानी तल उल्लेख भए अनुसार गरिनेछ ।

**क) कामदारको ज्याला भुक्तानीः**

आयोजनामा कार्यरत कामदारको निर्धारीत समयमा भुक्तानीका लागि गाउँपालिकाले आवश्यक सहजिकरण गर्नु पर्दछ । कामदारको ज्याला भुक्तानी गर्दा **एक कामदार एक बैंक खाता अभियान** सञ्चालन गरि बैंक मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्दछ ।आयोजनानिर्माण समुहको संयोजक/उपसंयोजकले आयोजनामा काम गर्ने कुन कामदारले के कति दिन काम गरेको हो, सो वापत कति रकम ज्याला भुक्तानी गर्नुपर्ने हो यकिन गरि डोर हाजिर फारम वडा अध्यक्षबाट प्रमाणित गराई आफू सहित सबै कामदारले पाउने ज्यालाको सूची बनाउनु पर्नेछ । साथै कुन कामदारले कति ज्याला पाउने हो काम सम्पन्न भए पश्चात

निर्माण समुहको निर्णय सहित गाउँपालिकामा पेश गर्नुपर्नेछ । यसरी भुक्तानीको लागि सुचि बनाउदा आवश्यक काजपत्र सहित अनुसुची ४ मा उल्लेख भए अनुसारको विवरण तयार पारि वडा अध्यक्षबाट प्रमाणित गराई पेश गर्नुपर्नेछ ।

**ख) निर्माण सामग्री खरिदको भुक्तानीः**

आयोजनाको लागि खरिद भएका अन्य निर्माण सामग्रीको भुक्तानी गाउँपालिकाले दफा ५ (छ) अनुसार सुचिकृत व्यवसायिक फर्म/पसल/आपुर्तिकर्तालाई गाउँपालिकाले सोभ्कै भुक्तानी गर्नेछ । तर भुक्तानी गर्नु भन्दा पहिला आयोजनाको स्विकृत वजेट तथा प्राविधिक स्टीमेटको आधारमा आयोजना निर्माण समुहको संयोजकले सुचिकृत फर्म/पसल/आपुर्तिकताबाट खरिद गरेका सामग्रीको विवरण गाउँपालिकामा उपलब्ध गराउनु पर्नेछ ।

**ग) मेशिन औजारको भुक्तानीः**

आयोजना सञ्चालन गर्दा मेशिन औजारको प्रयोग गर्नु पर्ने भनी प्राविधिक स्टिमेटमा उल्लेख भई मेशिन औजार प्रयोग गर्नु पर्ने अवस्थामा निर्माण समुहको संयोजकले गाउँपालिकासँग समन्वय सुचिकृत भएका मेशिन औजारको प्रयोग गर्न सक्नेछन् । यसरी मेशिन प्रयोग वापत भुक्तानी गर्नु पर्ने रकम प्राविधिक स्टिमेटको आधारमा निर्माण समितिको संयोजकले आवश्यक विल भर्पाई पेश गरे पश्चात गाउँपालिकाले सिधै मेशिन सञ्चालकलाई भुक्तानी दिनेछ ।

**११. कामदारको ज्याला दर तथा कार्य घण्टाः**

गाउँपालिकाले कामदारको ज्याला भुक्तानीका लागि प्रत्येक आर्थिक वर्षका लागि स्थानीय ज्यालादर निर्धारण गर्नु पर्नेछ । यस

कार्यविधि अन्तरगत रही कार्य गर्ने कामदारको दैनीक ज्याला गाउँपालिकाले निर्धारण गरेको ज्यालादरमा भुक्तानी हुनेछ । गाउँपालिकाले स्थानीय ज्यालादर निर्धारण नगरेको अवस्थामा प्रचलित जिल्ला दररेट लाई स्थानीय दररेट मानी भुक्तानी गरिनेछ । यसरी ज्याला भुक्तानी गर्दा ८ घण्टा काम गरे पश्चात एक दिनको हाजिरी गणना हुनेछ ।

## परिच्छेद६
## विविध

### १२. कामदारको सुरक्षाः

आयोजना सञ्चालनको क्रममा कामदारको सुरक्षाका लागि कामको प्रकृति अनुसार आधारभुत सुरक्षा सामग्रीको प्रयोग गर्नु पर्दछ । यस किसिमका सुरक्षा सामग्रीका लागि आयोजनाको लागत स्टिमेट तयार गर्दा आवस्यक सामग्री खरिदका लागि बजेट बिनियोजन गर्नु पर्दछ । कार्यस्थलमा हुने आकस्मीक दुर्घटनालाई मध्यनजर गरि गाउँपालिकाले कामदारको सामुहिक विमा समेत गर्न सक्नेछ ।

### १३. कामका लागि प्रतिवन्धः

यो कार्यविधि अन्तरगत सञ्चालन हुने आयोजनामा सुचिकृत कामदारको अलावा अन्य कामदार परिचालनका लागि प्रतिवन्ध गरिएको छ । तर आयोजनाका लागि आवश्यक दक्ष कामदार सुचिमा नरहेको अवस्थामा यस किसिमको कामदार परिचालन गर्न बाँधा पुग्ने छैन तर कामदारको ज्याला भुक्तानी प्रक्रियामा वाधा पुग्नेगरी कामदारलाई काममा लगाउन पाइने छैन ।

## १४. अमान्य हुनेः

यस कार्यविधिमा उल्लेख भएका कुरा नेपालको प्रचलित कानून अनुसार बाझिएको खण्डमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

## १५. आचार संहिता पालना गर्नुपर्नेः

यो कार्यविधि अनुसार छनौट भई आयोजनामा कामगर्ने हरेक कामदारले निम्न अनुसार आचार संहिताको पालना गर्नु पर्नेछ ।

- आयोजना सञ्चालनमा निर्धारीत समयको पालना गर्ने,
- श्रमिक समुहमा मिलेर कामगर्ने,
- संयोजकको निर्देशन अनुसार कामगर्ने,
- कार्यस्थलमा आयोजनाले उपलब्ध गराएका सामग्रीहरुको सुरक्षागर्ने,
- आयोजना अनुगमनको क्रममा प्राविधिक तथा अनुगमन टोलीले दिएको निर्देशनको पालना गर्ने,
- कार्यस्थलमा सहकर्मी कामदार सँग झैझगडा नगर्ने, तथा अरुलाई असहज हुने व्यवहार नगर्ने,
- कार्यस्थलमा लैगिक, धार्मीक तथा यौन जन्य हिंसा वा क्रियाकलाप नगर्ने वा गर्न नदिने ।
- यो कार्यविधि अनुसार कामदार परिचालन गर्ने सन्दर्भमा ज्याला तथा अन्य कुनै कुरामा विवाद गरि कामदार परिचालन गर्न बाधा पुऱ्याएमा त्यस्ता कामदारलाई स्थानीय तहबाट सञ्चालन हुने कुनैपनि आयोजनाको काममा बन्चित गरिनेछ ।
- माथि उल्लेखित आचार संहिता उल्लंघन गर्ने कामदारलाई निर्माण समुहको संयोजकले कामबाट हटाउन सक्नेछ ।

**१६. कार्यविधिको शंसोधनः**

यस कार्यविधिमा उल्लेख भएका कुनै कुरा शंसोधन गर्नुपर्ने भएमा गाउँकार्यपालिकाको वैठकले शंसोधन गर्न सक्नेछ ।

अनुसूची १ (क)

**पाँचपोखरी थाङपाल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**थाङपालधाप, सिन्धुपाल्चोक**

कामदार सुचिकृतका लागि आवेदन फारम (दफा ४ (ख) सँग सम्वन्धित)

मितिः

**श्री अध्यक्ष ज्यू**
**पाँचपोखरी थाङपाल गाउँपालिका**
**थाङपालधाप सिन्धुपाल्चोक ।**

**विषयः कामदारको सुचीमा सुचिकृत गरिपाऊँ ।**

प्रस्तुत विषयमा यस गाउँपालिकाको स्थानीय विकास निर्माणमा श्रमिक परिचालन सम्वन्धि कार्यविधि २०७६ अन्तरगत रही गाउँपालिका भित्रको सार्वजनीक निर्माणमा योगदान गर्ने इच्छा भएकोले मेरो व्यक्तिगत विवरण उल्लेख गरि नियमानुसार आवेदन दिएको छु । यस कार्यविधि अनुसार मैले पालना गर्नुपर्ने सम्पुर्ण कुराहरु पालना गर्न मन्जुर भएकोले कामदारको रुपमा सुचिकृत गरिदिनुहुन अनुरोध गर्दछु ।

**१. व्यक्तिगत विवरणः**

क) कामदारको नाम थरः

ख) ठेगानाः

ग) लिङ्गः महिला पुरुष अन्य

घ) जन्म मितिः ...................... उमेरः ......................

ङ) जात/जातीः.....................................................

च) बुवा वा पतिको नामः ..........................................

छ) सम्पर्क नम्वरः ....................................

ज) नागरिकता नं. ....................................

**२ पारिवारिक विवरणः**

क) परिवारमा सदस्य संख्याः

क) महिलाः ........... ख) पुरुषः .......... ग)जम्माः ...........

ख) परिवारमा १८ देखि ५९ वर्षका सदस्य संख्याः

क) महिलाः ....... ख) पुरुषः ........... ग)जम्माः ..........

ग) परिवारमा ६० वर्षका माथिका सदस्य संख्याः

क) महिलाः ....... ख) पुरुषः ........... ग) जम्माः ........

घ) परिवारमा कुनै अपांगता भएका सदस्य छन भने,

अपांगता भएका व्यक्रिको नामः ....................................

अपांगताको किसिमः ..............

**३. परिवारको आम्दानीको मुख्य श्रोततथा आर्थिक अवस्थाः**

**३.१ परिवारको मुख्य आम्दानीको श्रोत के हो ?**

**क) कृषि ख) ज्याला मजदुरी ग) व्यापार व्यवसाय घ) नोकरी ङ) अन्य........**

**परिवारको कुनै सदस्य नोकरीमा भए,**

**क) रोजगारीमा संलग्न व्यक्तिको नामः.....................................**

**ख)निवेदक सँगको नाता .....................**

**ग) कार्यालयको नामः ....................................... घ) कार्यरत पदः ........................**

**३.२ तपाई आफ्नो परिवारलाई कुन स्तरमा राख्न चाहनुहुन्छ?**

**क) अति गरिब ख) मध्यम गरिब ग) गरिब घ) सम्पन्न**

**४. कामसँग सम्वन्धित शिप तथा अनुभवः**

**क) तपाइले गर्न चाहनुभएको काम कुन हो?**

☐ डकर्मीमिस्त्री ☐ सिकर्मी ☐ ज्यामी

☐ अन्य खुलाउनुहोस ..........

**ख) तपाईले गर्न चाहनुभएको काम पहिला गर्नु भएको छ कि छैन** :

छ ☐ छैन

काम गरेको भएमा कामको विवरण: .........................................

काम गरेको अवधि ...........................................................

**घ) तपाईले गर्न चाहनुभएको कामसँग सम्वन्धित कुनै तालिम लिनुभएको छ यदि छ भने कति समयको तालिम लिनु भएको हो**

**(क) तालिमको नाम:**.........................................................

**(ख) तालिम अवधि**...........................................................

(तालिम लिएको भए तालिमको प्रमाणपत्र संलग्न गर्नु पर्नेछ )

माथि उल्लेख गरिएको विवरण साँचो हो झुठा ठहरे कानून बवोजिम सहुँला बुझौला भनी सहीछाप गर्ने

निवेदकको नाम:

निवेदकको दस्तखत:

## वडा कार्यालयको शिफारीस

निवेदकले यस वडा कार्यालयमा दिएको निवेदन अनुसार निजलाई कामदार सुचिमा सुचिकृत गर्नु पर्ने/नपर्ने व्यहोरा शिफारीस गर्दछु ।

**शिफारीस गर्नेको नाम:**

**पद:**

**हस्ताक्षर:**

**कार्यालयको छाप:**

## अनुसूची १ (ख)

### कामदार सुचिकृतका लागि निवेदन दिनेको संक्षिप्त विवरण फारम (दफा ४ (ख) सँग सम्वन्धित)

| क्र.स | निवेदकको नाम | ठेगाना | लिंग | बुवा वा पतिको नाम | नागरिकता नं. | परिवार सदस्य संख्या | | | गर्न चाहेको काम | सिपको किसिम | | परिवारको आर्थिक अवस्था | | | | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | पुरुष | जम्मा | | दक्ष | अदक्ष | अति गरिब | मध्यम गरिब | गरिब | सम्पन्न | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

## अनुसूची २

## कामदार परिचयपत्रको नमुना (दफा ५ (ङ) सँग सम्वन्धित)

**पाँचपोखरी थाङपाल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**थाङपालधाप, सिन्धुपाल्चोक**

### कामदारको अस्थाई परिचय पत्र

कामदारको

फोटो

**कामदार सदस्यता नं.**

**कामदारको नाम थर :** **ठेगाना:**

**ना.प्र.नं.**

**आयोजनाको नाम:**

**आयोजनाको अवधि:** ........................... **देखि** .............. **सम्म**

**कामदारको किसिम:**..................................

.................................. .......................................

**कामदारको हस्ताक्षर** **प्रमाणित गर्ने**

अनुसूची ३

**पाँचपोखरी थाङपाल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**थाङपालधाप, सिन्धुपाल्चोक**

**योजनाको अनुगमन प्रतिवेदन फारम (दफा ७.५ सँग सम्वन्धित)**

क) आयोजनाको नाम: ख) आयोजना सञ्चालन भएको स्थान:

ग) आयोजनाको किसिम: साना आयोज[ ] मझौला आयोज[ ] ठुला आयोजना

घ) संयोजकको नाम: ङ) सम्पर्क नं.:

च) आयोजनाको लागत रकम रु. ..........................................

छ) आयोजना अन्तरगत भएको मुख्य मुख्य काम:

.....................................................................................

.....................................................................................

.....................................................................................

.....................................................................................

ज) आयोजनाको डिजाइन स्टीमेट अनुसार काम भएको छ कि छैन यदि स्टीमेट भन्दा फरक काम भएको छ भने फरक भएको काम तथा फरक हुनुको कारण: (स्टिमेट परिमार्जन भएको भए प्र.प.अ बाट स्विकृत मिति ..........................................)

फरक हुनाको कारण:

.....................................................................................

.....................................................................................

.....................................................................................

.....................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

............................................................

झ) आयोजना निर्माणको क्रममा प्रयोग भएका निर्माण सामग्री र त्यसको गुणस्तरीयता सम्वन्धमा अनुगमन समितिको धारणाः

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

.........................................................

ञ) आयोजनाको गुणस्तर सम्वन्धमा अनुगमन टोलिको धारणाः

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

ठ) आयोजनाको रकम भुक्तानीका लागि अनुगमन टोलिको शिफारीसः

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

............................................................

ड) अनुगमन गर्नेको नाम तथा हस्ताक्षर

१..........................................................................................

२. ......................................................................................

३. ......................................................................................

४. ......................................................................................

५. ......................................................................................

६. ......................................................................................

७. ......................................................................................

अनुसूची ४

# पाँचपोखरी थाङपाल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## थाङपालधाप, सिन्धुपाल्चोक

## कामदारको ज्याला भुक्तानी फारम

आयोजनाको नामः ठेगानाः आयोजनाको विनियोजित रकमः

आ.व:काम शुरु भएको मितिः काम सम्पन्न मितिः

| क.स | कामदारको नाम | ठेगाना | बैंक खाता नं. | जम्मा काम गरेको दिन | ज्याला दर | जम्मा ज्याला रु. | १% कर कट्टी | खुद भुक्तानी रकम | कमदारको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार गर्ने
(निर्माण समुह संयोजक)

शिफारीस गर्ने
(वडा अध्यक्ष)

प्रमाणित गर्ने
(प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत